# प्रतिभा डवली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

**प्रस्तावना :**

कर्मचारीमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराई उनीहरुको व्यक्तित्व विकास गराउनुका साथै नीति तर्जुमा तथा कार्यान्वयनमा नयाँपन, सेवा प्रवाहमा प्रभावकारिता, विकास व्यवस्थापनमा चुस्तता र सार्वजनिक क्षेत्रमा सुशासन प्रवर्धनका लागि सार्वजनिक सरोकारका विषयमा नवीन सोच/इनोभेटिभ आइडियाको पहिचान एवम् उपयोग गर्ने उद्देश्यले विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "प्रतिभा डवली कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "अन्तिम सूची" भन्नाले प्रतिभा डबली कार्यक्रमको संक्षिप्त सूचीमा समावेश भएका प्रतिस्पर्धीहरुबाट छनौट गरी कायम हुन आउने अन्तिम नतिजा सूची सम्झनुपर्छ।

(ख) "आवेदक" भन्नाले प्रतिभा डबली कार्यक्रममा सहभागिताका लागि आफ्नो नवीन सोच/इनोभेटिभ आइडिया पेश गर्ने कर्मचारी सम्झनुपर्छ।

(ग) "कर्मचारी" भन्नाले संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारी सम्झनु पर्छ।

(घ) "कार्यान्वयन समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनु पर्छ ।

(ङ) "जिङ्गल"' भन्नाले टेलिभिजन तथा रेडियोमा प्रसारण गर्नका लागि तयार पारिएको श्रव्यदृश्य सामग्री सम्झनुपर्छ।

(च) "निर्देशन समिति" भन्नाले दफा ४ बमोजिमको समिति सम्झनुपर्छ ।

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(छ) “प्रारम्भिक सूची” भन्नाले प्रतिभा डबली कार्यक्रममा सहभागिताका लागि प्राप्त आवेदनहरुको कार्यन्वयन समितिमा पेश गर्न सचिवालयले तयार गरेको सूची सम्झनु पर्छ।

(ज) “ब्रोसर” भन्नाले प्रतिभा डबली सम्बन्धी कार्यक्रमको सूचना सम्प्रेषणसँग सम्बन्धित सामग्री सम्झनुपर्छ र सो शव्दले डिजिटल सामग्री समेतलाई जनाउँछ।

(झ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनुपर्छ ।

(ञ) “मूल्यांकन समिति” भन्नाले बुँदा १२ बमोजिमको समिति सम्झनुपर्छ।

(ट) “सचिवालय” भन्नाले मन्त्रालयको कर्मचारी कल्याण शाखा सम्झनुपर्छ।

(ठ) “संक्षिप्त सूची” भन्नाले आवेदनहरुको प्रारम्भिक सूचीबाट मूल्यांकन समितिले छनौट गरी तयार भएको सूची सम्झनुपर्छ।

(ड) "नवीन सोच" भन्नाले सार्वजनिक सरोकारका बिषयलाई नयाँ तरिकाद्वारा सम्वोधन गर्ने सोचलाई सम्झनुपर्छ ।

३. **<u>प्रतिभा डबली कार्यक्रम सञ्चालन :</u>** मन्त्रालयले प्रतिभा डवली कार्यक्रमको सञ्चालन आफैं वा नवीन सोच/इनोभेटिभ आईडिया प्रवर्धनको क्षेत्रमा कार्य गर्दै आएको सरकारी, गैरसरकारी वा नीजि क्षेत्रमा क्रियाशील सँस्थासँगको सहकार्यमा गर्न सक्नेछ।

४. **<u>निर्देशन समितिः</u>** (१) कर्मचारीमा रहेको नवीन सोच/इनोभेटिभ आइडिया प्रस्फुटन गराई सार्वजनिक क्षेत्रमा उपयोग गर्ने सम्बन्धी नीति निर्धारण, समन्वय, सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको निर्देशन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय - सदस्य

(ग) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय - सदस्य

(घ) सहसचिव, सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय - सदस्य

(ङ) उपसचिव, सम्बन्धित शाखा प्रमुख, मन्त्रालय - सदस्य सचिव



नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

(२) निर्देशन समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको बिषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशन समितिको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **<u>निर्देशन समितिको काम, कर्तव्य र अधिकार</u>** : निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रतिभा डवली कार्यक्रमलाई दीगो र प्रभावकारी बनाउन अवलम्बन गर्नुपर्ने नीतिगत विषय पहिचान गर्ने,

(ख) प्रतिभा डवली कार्यक्रम सञ्चालनको ढाँचाका सम्बन्धमा अध्ययन तथा विश्लेषण गर्ने,

(ग) प्रतिभा डवली कार्यक्रममा नवीन सोच/इनोभेटिभ आइडियाको छनौट र मूल्यांकनका आधार र प्रक्रिया निर्धारण तथा परिमार्जन गर्ने,

(घ) प्रारम्भिक मूल्यांकन समिति संक्षिप्त मूल्यांकन समिति र अन्तिम मूल्यांकन समिति गठन गर्ने ।

(ङ) प्रतिभा डवली कार्यक्रमबाट अन्तिम सूचीमा समावेश भै पुरस्कृत भएका नवीन सोच/इनोभेटिभ आइडियाहरु आवश्यकतानुसार कार्यान्वयनको लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने,

(च) प्रतिभा डबली कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा आवश्यक अन्य कार्य गर्ने ।

६. **<u>कार्यान्वयन समितिको गठन</u>** : (१) प्रतिभा डबली कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्न देहाय बमोजिमको कार्यान्वयन समिति रहनेछ ।

(क) सहसचिव, सम्बन्धित महाशाखा, मन्त्रालय - अध्यक्ष

(ख) उपसचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय - सदस्य

(ग) उपसचिव, प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा - सदस्य

(घ) उपसचिव, कर्मचारी कल्याण शाखा, मन्त्रालय - सदस्य

(ङ) शाखा अधिकृत, कर्मचारी कल्याण शाखा, मन्त्रालय - सदस्य सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

(२) कार्यान्वयन समितिले आवश्यकतानुसार अन्य कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) कार्यान्वयन समितिको कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

७. **कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार** : कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालय र निर्देशन समितिको निर्देशन बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने ।

(ख) कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सचिवालयलाई आवश्यक निर्देशन दिने ।

(ग) आवेदकको प्रस्तुतीकरणको लागि ढाँचा निर्धारण गर्ने ।

(घ) आवेदकको नविन सोंच/ईनोभेटिभ आइडिया मूल्यांकनको लागि सचिवालयले तयार गरेको रोष्टरबाट मूल्यांकनको लागि निर्देशक समितिसमक्ष मूल्यांकन समितिको प्रस्ताव गर्ने ।

(ङ) प्रतिभा डवली कार्यक्रम सम्बद्ध निकायबीच समन्वय गर्ने/गराउने,

(च) अन्य आवश्यक कार्यहरु गर्ने ।

८. **सचिवालयको काम कर्तव्य र अधिकार** : प्रतिभा डबली कार्यक्रम सञ्चालनको लागि सचिवालयले देहायको कार्य गर्नेछ ।

(क) मन्त्रालय, निर्देशन समिति तथा कार्यान्वयन समितिको निर्देशन बमोजिम कार्य सम्पादन गर्ने ।

(ख) नवीन सोच/इनोभेटिभ आइडिया सङ्कलन, दर्ता र रुजु गरी प्रारम्भिक सूची तयार गर्ने ।

(ग) आवेदनको व्यक्तिगत विवरण र नवीन सोच/इनोभेटिभ आइडिया छुट्याई प्रारम्भिक मूल्याङ्कन समिति समक्ष पठाउने ।

(घ) निर्देशन समिति, कार्यान्वयन समिति तथा सम्वद्ध पदाधिकारीको बैठक व्यवस्थापन गरी कार्यगत समन्वय गर्ने ।

(ङ) प्राप्त आवेदन मूल्यांकनको लागि मूल्यांकनकर्ताको रोष्टर तयार गर्ने ।

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

(च) व्यवस्थापकीय तथा तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

समितिको सामान्य निर्देशनको अधीनमा रही सचिवालयकोतर्फबाट सम्पादन गरिने काम सदस्य सचिवले सम्पादन गर्नेछ।

९. **सूचना सम्प्रेषण :** प्रतिभा डवली कार्यक्रम सञ्चालन सम्बन्धी जानकारीका लागि सूचना बोर्ड, मोवाइल, ब्रोसर, ईमेल, टेलिफोन, भौतिक तथा डिजीटल पोस्टर, जिङ्गल, भिडियो क्लिप, वेबसाइट तथा सामाजिक सञ्जाल आदि मार्फत् सूचना सम्प्रेषण गर्न सकिनेछ। सोको लागि आवश्यकतानुसार प्रदेश र स्थानीय तहमा अन्तरक्रिया कार्यक्रम समेत सञ्चालन गर्न सकिनेछ ।

१०. **प्रस्ताव सम्बन्धी व्यवस्था :** (१) मन्त्रालयले बढीमा १ महिनाको समय दिई अनलाइनमार्फत अनुसुची १ बमोजिमको ढाँचामा नवीन सोच/ईनोभेटिभ आइडिया सम्बन्धी प्रस्ताव पेश गर्न सूचना प्रकाशन गर्नेछ ।

(२) प्रस्तावको ढाँचा मन्त्रालयको वेबसाइटमा राखिनुका साथै सूचनाको पहुँच सङ्घ, प्रदेश र स्थानीय तहमा कार्यरत सबै कर्मचारीहरुसम्म पुग्ने व्यवस्था मिलाइनेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव माग गर्दा कर्मचारीको व्यक्तिगत विवरण खण्ड र नवीन सोच/इनोभेटिभ आइडिया खण्ड गरी दुई खण्डमा वर्गिकरण गरिनेछ ।

(४) प्रस्ताव पेश गर्ने कर्मचारीले कार्यान्वयन कार्ययोजना समेत संलग्न गर्नु पर्नेछ।

११. **प्रारम्भिक सूची तयारी र प्रारम्भिक मूल्यांकन गर्ने :** (१) सचिवालयले अनलाइन प्रणालीमार्फत प्राप्त आइडियाहरुलाई कार्यविधि अनुरुप रहे नरहेको जाँचबुझ गरी प्रारम्भिक सूची तयार गर्नेछ ।

(२) प्रस्तावसाथ प्राप्त व्यक्तिगत विवरण र नवीन सोच/इनोभेटिभ आइडिया सम्बद्ध विवरणहरु छुट्याई अलग/अलग संकेत नं. दिई व्यक्तिगत विवरण सचिवालयमा सुरक्षित राखी नवीन सोच/इनोभेटिभ आइडिया मूल्याङ्कनका लागि निर्देशन समितिले तोकेबमोजिम तीन सदस्यीय प्रारम्भिक मूल्यांकन समितिसमक्ष पठाइनेछ ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(३) प्रारम्भिक मूल्यांकन समितिले सचिवालयबाट प्राप्त अनलाइन प्रस्ताव र भिडियो तथा अडियो अध्ययन गरी आवेदकहरुको नवीन सोच/इनोभेटिभ आइडियाको प्रारम्भिक मूल्यांकन अलग अलग रुपमा गरी प्राप्तांक सचिवालयलाई उपलब्ध गराउनेछ र सचिवालयले उक्त प्राप्तांकको आधारमा नतिजा टेबुलेशन गरी बढी अंक प्राप्त गर्ने ३० आवेदकहरुको सूची वेवसाइटमा प्रकाशन गर्नेछ ।

१२. **संक्षिप्त सूची तयारी मूल्यांकन समिति :** दफा ११ को उपदफा (३) बमोजिमको सूचीमा समावेश आवेदकहरुको दफा १६ बमोजिमको आधारमा मूल्यांकन गरी संक्षिप्त सूची तयार गर्ने प्रयोजनका लागि निर्देशन समितिले तीन सदस्यीय संक्षिप्त सूची तयारी मूल्यांकन समिति गठन गर्नेछ ।

१३. **संक्षिप्त सूची तयारी मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार :** संक्षिप्त सूची तयारी मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समितिले प्रारम्भिक मूल्यांकनबाट छनोट भएका ३० आवेदकहरुको नवीन सोच/इनोभेटिभ आइडियालाई दफा १६ बमोजिमका आधारमा मूल्यांकन गर्नुपर्नेछ ।

(ख) बुँदा (क) बमोजिमको मूल्यांकनको क्रममा समितिले आवेदकहरुलाई कार्यान्वयन समितिले तोकेबमोजिम भर्चुअल प्रस्तुतीकरण गर्न लगाउनेछ ।सोको व्यवस्थापन सचिवालयले गर्नेछ ।

(ग) मूल्यांकनकर्ताले नवीन सोच/इनोभेटिभ आइडियाको मूल्यांकन स्वतन्त्र रुपमा निष्पक्ष, तटस्थ, पूर्वाग्रहरहित ढंगले र वस्तुगत आधारमा गर्नुपर्नेछ।

(घ) सचिवालयले सबै मूल्यांकनकर्ताले प्रदान गरेको अङ्कको योगफल निकाली औसतमा गणना गरी १० जनाको बमोजिम संक्षिप्त सूची तयार गर्नेछ ।

(ङ) संक्षिप्त सूचीमा परेका आवेदकहरुको विवरण सचिवालयले मन्त्रालयको वेवसाइटमा प्रकाशन गर्नेछ ।

१४. **अन्तिम मूल्यांकन समिति :** मन्त्रालयले संक्षिप्त सूची तयारी मूल्यांकन समितिले मूल्यांकनपश्चात् तयार भएको संक्षिप्त सूचीमा रहेका आवेदकहरुको अन्तिम मूल्यांकन गर्न देहाय बमोजिमको तीन सदस्यीय अन्तिम मूल्यांकन समिति गठन गर्नेछ ।

(क) नेपाल सरकारको विशिष्ट श्रेणीको सचिव — संयोजक



नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

(ख) नेपाल सरकारको विशिष्ट श्रेणीबाट अवकास प्राप्त व्यक्तिहरुमध्येबाट एकजना — सदस्य

(ग) नवीन सोच/इनोभेटिभ आइडिया सम्बद्ध क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव भएको बिषयविज्ञ एक जना —सदस्य

१५. **<u>अन्तिम मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार</u> :** अन्तिम मूल्यांकन समितको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) समितिले संक्षिप्त सूचीमा छनौट भएका आवेदकहरुलाई दफा १९ को आधारमा नवीन सोच/इनोभेटिभ आइडिया प्रस्तुतीकरण गर्न लगाई मूल्यांकन गर्नुपर्नेछ ।

(२) मूल्यांकनकर्ताले नवीन सोच/इनोभेटिभ आइडियाको मूल्यांकन स्वतन्त्र रुपमा निष्पक्ष, तटस्थ, पूर्वाग्रहरहित ढंगले र वस्तुगत आधारमा गर्नुपर्नेछ।

१६. **<u>संक्षिप्त सूची तयार गर्ने मूल्यांकनका आधारहरु</u> :** समितिले संक्षिप्त सूची तयार गर्ने प्रयोजनका लागि मूल्यांकनका आधारहरु देहाय बमोजिम हुनेछन् :

(क) नवीन सोच/इनोभेटिभ आइडियामा नवप्रवर्तनीयता र सृजनशीलताको अवस्था,

(ख) नवीन सोच/इनोभेटिभ आइडिया विद्यमान अवस्थामा अवलम्बन गरिएको अभ्यासभन्दा फरक वा नवीन भएको अवस्था,

(ग) सोचको मौलिकता र कार्यान्वयनयोग्य रहेको सुनिश्चितता,

(घ) सोचको स्पष्टता र सकारात्मकताको अवस्था,

(ङ) प्रस्तुतीकरणको समय पालना,

(च) सार्वजनिक सरोकारका समस्या वा मुद्दा सम्बोधनमा केन्द्रित,

(छ) सार्वजनिक नीति तर्जुमा तथा कार्यान्वयनमा सहयोगी,

(ज) सरल, मितव्ययी र प्रभावकारी सेवा प्रवाहको उपाय समावेश भए नभएको,

(झ) विकास निर्माणमा नवीन दृष्टिकोण समावेश भए नभएको,



नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ज) कार्यान्वयनमा जोखिम र न्यूनीकरणको अवस्था,

(झ) समग्र सार्वजनिक प्रशासनको रुपान्तरणमा उपयोगी हुने नहुने ।

१७. **बन्द प्रशिक्षण (इन्क्युवेसन तालिम) सञ्चालन :** (१) संक्षिप्त सूचीमा पर्न सफल उत्कृष्ट दस जना नवीन सोच/इनोभेटिभ आइडिया प्रस्तुतकर्तालाई अन्तिम चरणको तयारी तथा प्रस्ताव परिस्कृत र परिमार्जन गर्ने क्षमता अभिबृद्धि गर्न बन्द प्रशिक्षण (इन्क्युवेसन तालिम) कार्यक्रम सञ्चालन गरिनेछ।

(२) इन्क्युवेसन तालिममा सहभागीहरुलाई समस्याको पहिचान, त्यसको उत्कृष्ट समाधान निकाल्ने तरीका, प्रोटोटाइप निर्माण/सम्पादन, अनुसन्धानमा ध्यान दिनु पर्ने विभिन्न विषयहरु, तथ्याङ्क संकलन तथा प्रतिभा उपयोगका विभिन्न पक्षबारे प्रशिक्षण दिइनेछ ।

(३) इन्क्युवेसन तालिमको अवधिमा प्रतियोगीहरुलाई अन्तिम चरणका लागि विषयबस्तु निर्माण तथा प्रस्तुतिको अभ्यास समेत गराईनेछ। सो क्रममा प्रतियोगीहरुले चाहेमा आफ्नो नवीन सोच/इनोभेटिभ आइडिया गोप्य राखी अन्तिम प्रस्तुतीमा प्रस्तुत गर्न सक्ने व्यवस्था मिलाउन सकिनेछ।

(४) प्रारम्भमा प्राप्त नवीन सोच/इनोभेटिभ आइडियामा बन्द प्रशिक्षणको प्रभावले परिवर्तन गरी नयाँ रुप दिएको पाईएमा सो प्रतियोगीलाइ मूल्यांकनबाट अलग गर्न सकिनेछ ।

१८. **अन्तिम प्रस्तुति :** (१) संक्षिप्त सूचीमा परेका आवेदक (आइडीयटर) ले आफ्ना नवीन सोच/इनोभेटिभ आइडिया अन्तिम मूल्याङ्कन समिति समक्ष प्रत्यक्ष रुपमा प्रस्तुत गर्नुपर्नेछ।

(२) प्रस्तुतीकरण गर्दा आइडियाको प्रकृति अनुसार कार्यान्वयन समितिले तोके बमोजिमको ढाँचामा बढीमा ५ देखि ७ स्लाइडमा गर्नु पर्नेछ ।

(३) प्रस्तोतकर्ताले बढीमा ५ मिनेटमा प्रस्तुतीकरण गर्नुपर्ने र मूल्याङ्कन समितिले थप ५ मिनेटमा जिज्ञाशा राख्न सक्नेछन् ।

(४) अन्तिम मूल्याङ्कन समितिले प्रस्तुत नवीन सोच/इनोभेटिभ आइडियामध्ये दफा १९ बमोजिमका मूल्याङ्कनका आधारमा उत्कृष्ट तीन आइडियाहरू छनौट गरी सचिवालयलाई अन्तिम नतिजा सूची प्रकाशन गर्ने प्रयोजनका लागि उपलब्ध गराउनु पर्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

१९. **अन्तिम सूची तयार गर्ने मूल्याङ्कनका आधारहरु** : (१) अन्तिम सूची तयार गर्ने प्रयोजनका लागि मूल्याङ्कनका आधारहरु देहाय बमोजिम हुनेछन् :

(क) नवीन सोच/इनोभेटिभ आइडियाको आधार, गहनता र स्पष्टता,

(ख) बिषयवस्तुको प्रस्तुति,

(ग) मूल्याङ्कनकर्ताको जिज्ञासा सम्बोधन,

(घ) कार्यान्वयन कार्ययोजना (क्रियाकलाप, समय, लागत, समन्वय र जोखिम),

(ङ) प्रस्तुतीकरणको समय पालना,

२०. **अन्तिम सूची प्रकाशन र पुरस्कार सम्बन्धी व्यवस्था** : (१) अन्तिम मूल्याङ्कन समितिबाट दफा १९ बमोजिमका आधारमा उत्कृष्ट प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रस्तोतकर्ताको घोषणा तत्काल हुनेछ ।

(२) अन्तिम नतिजा सूचीमा पर्न सफल उत्कृष्ट तीन नवीन सोच/इनोभेटिभ आइडिया पेश गर्ने प्रतियोगीको विवरण मन्त्रालयको वेवसाइटमा प्रकाशित गरिनेछ।

(३) अन्तिम नतिजा सूचीमा परेका उत्कृष्ट तीन प्रतियोगीहरुलाई प्रोत्साहनस्वरुप मन्त्रालयले तोकेबमोजिम नगद पुरस्कार र सम्मानपत्र प्रदान गर्नेछ।

(४) अन्तिम प्रस्तुतीमा सहभागी हुने उपदफा (२) वाहेकका अन्य आइडियटरहरुलाई पनि सम्मानपत्र प्रदान गर्न सकिनेछ ।

२१. **मूल्याङ्कन समितिको निर्णय अन्तिम हुने :** प्रतिभा डबली कार्यक्रममा सहभागीमध्येबाट प्रारम्भिक सूची, संक्षिप्त सूची तथा अन्तिम नतिजा सूची प्रकाशन गर्ने प्रयोजनका लागि तोकिएका मूल्याङ्कन समितिले गरेको मूल्याङ्कन र निर्णय नै अन्तिम हुनेछ।

२२. **अनुगमन र पृष्ठपोषण :** कार्यक्रम सञ्चालनको क्रममा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गरी सम्बद्ध पक्षलाई पृष्ठपोषण दिन सक्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

२३. **अध्ययन तथा अनुसन्धान :** मन्त्रालयले पुरस्कृत तथा संक्षिप्त सूचीमा परेका नवीन सोच/इनोभेटिभ आइडियाको अभिलेखीकरण गर्नुका साथै सो सम्बन्धमा थप अध्ययन अनुसन्धान गर्न आवश्यक व्यवस्था मिलाउनेछ। उक्त नवीन सोच/इनोभेटिभ आइडिया कार्यान्वयन हुँदा सम्बन्धित कर्मचारीको नामसहितको परिचय खुलाईनेछ ।

२४. **अभिलेख राख्ने:** सचिवालयले यस कार्यविधि बमोजिम प्रतिभा डवलीमा छनौट हुने प्रतियोगीहरुको अभिलेख राख्नेछ।

२५. **आवेदनदेखि अन्तिम नतिजा प्रकाशन सफ्टवेयरमार्फत् गर्ने:** यस कार्यविधि बमोजिमकको नवीन सोच/इनोभेटिभ आइडियाको प्रथम चरणको छनौटदेखि अन्तिम नतिजा प्रकाशनसम्मको कार्य सफ्टवेयर प्रणालीबाट समेत गर्न सक्नेछ ।

२६. **बजेट व्यवस्थापन:** (१) प्रतिभा डबली कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट अर्थ मन्त्रालयको समन्वयमा मन्त्रालयले बजेट व्यवस्थापन गर्नु पर्नेछ ।

(२) अन्तिम सूचीमा परेका नवीन सोच/इनोभेटिभ आइडिया कार्यान्वयनको लागि मन्त्रालयले सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्नेछ ।

२७. **कार्यविधिमा हेरफेर तथा थपघट गर्ने अधिकार :** मन्त्रालयले यस कार्यविधि र कार्यविधिको अनुसूची तथा अनुसूचीमा रहेको व्यहोरालाई हेरफेर तथा थपघट गर्न सक्नेछ।

२८. **आवश्यक व्यवस्था मिलाउन सक्ने:** यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयले आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(दफा १० संग सम्बन्धित)

**अनुसूची १**

**<u>प्रतिभा डबली प्रस्ताव ढाँचा</u>**

हालसालै खिचेको फोटो

**प्रस्तावकको व्यक्तिगत विवरण खण्डः**

**१.** नाम, थरः ........................................................ जन्ममिति (वि सं) : ......................................

लिङ्ग : ................. महिला ................. पुरुष ................. अन्य...................................

कर्मचारी संकेत नम्बर................................... नागरिकता नं..............................................

इमेल..........................................................मोबाइल नं..................................................

**२. स्थायी ठेगाना :**

प्रदेश..................जिल्ला................महानपा/उपमहानपा/नपा/गापा.......................................वडा नं..........

**३. अस्थायी ठेगाना :**

प्रदेश..................जिल्ला................महानपा/उपमहानपा/नपा/गापा.......................................वडा नं..........

**४. कार्यरत कार्यालयसँग सम्बन्धित विवरण :**

पद .............................श्रेणी/तह................................सेवा/समूह/उपसमूह......................

कार्यालयको नाम र ठेगानाः ...........................................................................................

क्षेत्रः ...................प्रशासनिक ........................ प्राविधिक..............................................

कार्य जिम्मेवारी/कार्य विवरण/पदीय जिम्मेवारी :

...............................................................................................................................

तोकिएभन्दा फरक प्रकारको कार्य सम्पादन गरेको भए सो कार्य उल्लेख गर्ने ।

...............................................................................................................................

यस कार्यक्रमबारे कहाँबाट जानकारी पाउनु भयो ? (चिनो लगाउने)

परिपत्र .........टेलिभिजन ..........रेडियो.........सामाजिक सञ्जाल ........साथीभाइ/परिवार .........अन्य ......

जानकारी पाएको मिति .............

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

## नवीन सोच/इनोभेटिभ आइडिया खण्ड :

१. नवीन सोच/इनोभेटिभ आइडियाको विषय वा शिर्षक :.....................................................................

२. कार्यकारी सारांश :

३. पृष्ठभूमि :

४. नवीन सोच/इनोभेटिभ आइडिया केन्द्रित समस्याको पहिचान :

- पहिचान गर्नु भएको समस्या के हो ?
- समस्याप्रति तपाई किन आकर्षित हुनुहुन्छ ?
- नवीन सोच/इनोभेटिभ आइडिया उक्त समस्या समाधान कसरी गर्छ ?
- पहिचान गर्नु भएको समस्या कुन सरकारी निकायसँग प्रत्यक्ष रुपमा सम्बन्धित छ ?

५. प्रस्तुत समस्याका सन्दर्भमा नवीन सोच/इनोभेटिभ आइडियाको विगतमा भएका प्रयास र विद्यमान अवस्था :

६. नवीन सोच/इनोभेटिभ आइडियाबारे उल्लेख गर्नुहोस् ।

- नवीन सोच/इनोभेटिभ आइडियाको व्यहोरा :
- समस्या समाधानका लागि नवीन सोच/इनोभेटिभ आइडिया उपयोगका उपायहरु :
- नवीन सोच/इनोभेटिभ आइडियाको कार्यान्वयनको मौलिक विधि :

७. नवीन सोच/इनोभेटिभ आइडिया कार्यान्वयनका सन्दर्भमा सम्भावित अवसर, चूनौती र जोखिम विश्लेषण:

८. आइडिया कार्यान्वयन गर्ने तत्कालिन तथा दीर्घकालीन कार्ययोजना:

९. श्रव्य दृश्य सामग्री र अन्य कागजातहरु :

- नवीन सोच/इनोभेटिभ आइडिया सम्बद्ध भिडियो तथा अन्य सामग्री भए बढीमा दुई मिनेट अवधिको हुनुपर्नेछ।
- नवीन सोच/इनोभेटिभ आइडिया सम्बद्ध अन्य कागजातहरु ।

  माथि उल्लिखित विवरण ठीक साँचो हो र नवीन सोच/इनोभेटिभ आइडिया छनौट भएमा त्यसको अभिलेखीकरण/कार्यान्वयन छनौट गर्ने सम्पूर्ण अधिकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग निहित रहनेछ। म पूर्ण रुपमा मन्जुर छु।

हस्ताक्षर..........................

(माथि भर्नुपर्ने स्थान अभाव भएमा थप पाना प्रयोग गर्न सकिनेछ)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**(दफा १६ संग सम्बन्धित)**

## अनुसूची २

### संक्षिप्त सूची तयारी मूल्यांकनका सूचकहरु

| सि नं | सूचकहरु | छैन (०) | अंक (१-५) | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | सामान्य | उत्तम | अति उत्तम | |
| १ | नवीन सोच/इनोभेटिभ आइडियामा नवीनता र सृजनशीलताको अवस्था | | | | | |
| २ | विद्यमान अभ्यासभन्दा फरक वा नवप्रवर्तनीय शैली | | | | | |
| ३ | नवीन सोच/इनोभेटिभ आइडियाको मौलिकता | | | | | |
| ४ | नवीन सोच/इनोभेटिभ आइडियाको स्पष्टता र सकारात्मकता | | | | | |
| ५ | कार्यान्वयन योग्यता र लागत प्रभावकारिताको अवस्था | | | | | |
| ६ | सार्वजनिक सरोकारका समस्या वा मुद्दा सम्बोधनमा केन्द्रित | | | | | |
| ७ | सार्वजनिक नीति तर्जुमा तथा कार्यान्वयनमा प्राप्त पृष्ठपोषणको अवस्था | | | | | |
| ८ | सरल, मितव्ययी र प्रभावकारी सेवा प्रवाहको उपाय | | | | | |
| ९ | विकास निर्माणमा नवीन दृष्टिकोण | | | | | |
| १० | कार्यान्वयनमा जोखिमको अवस्था | | | | | |
| | कूल जम्मा : | | | | | |

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

(दफा १९ संग सम्बन्धित)

## अनुसूची ३

### अन्तिम मूल्यांकनका सूचकहरु

| सि नं | सूचकहरु | पूर्णांक | प्राप्तांक |
|---|---|---|---|
| १ | नवीन सोच/इनोभेटिभ आइडियाको गहनता र स्पष्टता | २५ | |
| २ | बिषयवस्तुको प्रस्तुति | ५ | |
| ३ | मूल्यांकनकर्ताको जिज्ञाशा सम्वोधन | ५ | |
| ४ | समय पालना | ५ | |
| ५ | कार्यान्वयन कार्ययोजना (क्रियाकलाप, समय, लागत, समन्वय र जोखिम) | १० | |
| | कूल जम्मा : | ५० | |